# सातौं ५५ कि.मि.संयुक्त अल्ट्रा गुरिल्ला म्याराथन प्रतियोगिता कार्यक्रम सम्पन्न प्रतिवेदन-२०८३

## कार्यकारी सारांश (Executive Summary)

भूमे गाउँपालिका, रुकुम पूर्व र थबाङ गाउँपालिका, रोल्पाको संयुक्त आयोजनामा मिति **२०८३ साल असार ३ गते** ऐतिहासिक गुरिल्ला पदमार्गमा आधारित **७ औं संयुक्त गुरिल्ला अल्ट्रा ट्रेल रेस (५५ कि.मि.)** सफलतापूर्वक सम्पन्न भएको थियो। प्रतियोगिताको उद्देश्य ऐतिहासिक गुरिल्ला पदमार्गको संरक्षण, खेलकुदको विकास, पर्यटन प्रवर्द्धन तथा स्थानीय कला, संस्कृति र प्राकृतिक सम्पदाको प्रचारप्रसार गर्नु रहेको थियो।

प्रतियोगितामा देशका विभिन्न जिल्लाबाट **पुरुष ५८ जना र महिला १५ जना गरी जम्मा ७३ जना** खेलाडीहरूको सहभागिता रहेको थियो। प्रतियोगिताको उद्घाटन **लुम्बिनी प्रदेश सभाका माननीय सभामुख श्री तुलाराम घर्ति मगरज्यू**बाट भएको थियो। कार्यक्रममा दुवै गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, जनप्रतिनिधि, कर्मचारी, सुरक्षा निकाय, सञ्चारकर्मी तथा स्थानीय नागरिकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

प्रतियोगिता शान्तिपूर्ण, सुरक्षित र व्यवस्थित रूपमा सम्पन्न भएको थियो। सम्पूर्ण विजेता खेलाडीहरूलाई नगद पुरस्कार, मेडल तथा प्रमाणपत्र प्रदान गरिएको थियो। साथै छैटौंदेखि दशौं स्थानसम्मका खेलाडीहरूलाई समेत नागद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरी सम्मान गरिएको थियो।

## हार्दिक आभार

**७ औं संयुक्त गुरिल्ला अल्ट्रा ट्रेल रेस (५५ कि.मि.)** सफलतापूर्वक सम्पन्न गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग, समन्वय र सहभागिता जनाउनुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछौं।

यस प्रतियोगिताको सफल आयोजना एवं व्यवस्थापनका लागि मार्गदर्शन, प्रेरणा तथा उत्साह प्रदान गर्नुहुने **लुम्बिनी प्रदेश सभाका माननीय सभामुख श्री तुलाराम घर्ति मगरज्यू**प्रति विशेष हार्दिक धन्यवाद व्यक्त गर्दछौं। उहाँको गरिमामय उपस्थितिले कार्यक्रमको महत्व र गरिमा अझ अभिवृद्धि भएको छ।

त्यसैगरी, प्रतियोगिताको संयुक्त आयोजना गर्ने **भूमे गाउँपालिका, रुकुम पूर्व** तथा **थबाङ गाउँपालिका, रोल्पा** का अध्यक्षज्यूहरू, उपाध्यक्षज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यूहरू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यहरू, जनप्रतिनिधिहरू तथा सम्पूर्ण कर्मचारीहरूलाई सफल व्यवस्थापन, समन्वय र सक्रिय भूमिकाका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

यस प्रतियोगितालाई व्यवस्थित, सुरक्षित र सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने **नेपाल प्रहरी, स्वास्थ्यकर्मी, एम्बुलेन्स सेवा, स्वयंसेवक, स्थानीय युवा क्लबहरू, सञ्चारकर्मी तथा स्थानीय समुदाय**प्रति उच्च सम्मानका साथ हार्दिक आभार व्यक्त गर्दछौं।

प्रतियोगितामा देशका विभिन्न जिल्लाबाट सहभागी भई उच्च खेल भावना, अनुशासन र प्रतिस्पर्धात्मक क्षमताको प्रदर्शन गर्नुहुने सम्पूर्ण महिला तथा पुरुष धावकहरूलाई विशेष धन्यवाद व्यक्त गर्दछौं। उहाँहरूको सक्रिय सहभागिताले प्रतियोगितालाई थप सफल, प्रतिस्पर्धात्मक र प्रेरणादायी बनाएको छ।

यस कार्यक्रमलाई सफल बनाउन प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने **विभिन्न सरकारी निकाय, सुरक्षा निकाय, सहयोगी संस्था, प्रायोजक, स्थानीय बुद्धिजीवी, समाजसेवी, व्यवसायी तथा सम्पूर्ण आम नागरिकहरू**प्रति आयोजक परिवार हार्दिक आभार व्यक्त गर्दछ।

अन्त्यमा, यस प्रतियोगिताबाट प्राप्त अनुभव, सिकाइ र सहकार्यले आगामी दिनमा गुरिल्ला अल्ट्रा ट्रेल रेसलाई अझ व्यवस्थित, प्रभावकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको खेलकुद एवं पर्यटन प्रवर्द्धन गर्ने कार्यक्रमका रूपमा विकास गर्न महत्वपूर्ण आधार प्रदान गर्ने विश्वास व्यक्त गर्दै सहयोगी सबैप्रति पुनः हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

# १. पृष्ठभूमि

नेपाल विविध प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाले सम्पन्न मुलुक हो। देशका विभिन्न भागमा रहेका ऐतिहासिक पदमार्गहरू केवल विगतका संघर्षका साक्षी मात्र नभई पर्यटन, खेलकुद र स्थानीय आर्थिक विकासका महत्वपूर्ण आधारसमेत हुन्। रुकुम पूर्व र रोल्पाका

ऐतिहासिक गुरिल्ला पदमार्ग नेपालको राजनीतिक तथा सामाजिक इतिहाससँग जोडिएका महत्वपूर्ण सम्पदा हुन्।

यिनै ऐतिहासिक पदमार्गको संरक्षण, प्रचारप्रसार तथा पर्यटन विकास गर्ने उद्देश्यले प्रत्येक वर्ष गुरिल्ला अल्ट्रा ट्रेल रेस आयोजना हुँदै आएको छ। यस प्रतियोगिताले खेलकुद र पर्यटनलाई जोड्नुका साथै स्थानीय उत्पादन, संस्कृति, प्राकृतिक सौन्दर्य तथा समुदायको पहिचानलाई राष्ट्रिय स्तरमा स्थापित गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ।

# २. कार्यक्रम सञ्चालनको औचित्य

यस प्रतियोगिताको आयोजना गर्नुका प्रमुख कारणहरू निम्नानुसार रहेका छन्:

- ऐतिहासिक गुरिल्ला पदमार्गको संरक्षण तथा प्रवर्द्धन गर्नु।
- साहसिक खेल पर्यटनको विकास गर्नु।
- स्थानीय युवाहरूमा खेल संस्कृतिको विकास गर्नु।
- स्थानीय समुदायको आर्थिक गतिविधि अभिवृद्धि गर्नु।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा रुकुम पूर्व र रोल्पाको पर्यटन प्रवर्द्धन गर्नु।
- दुई स्थानीय तहबीच सहकार्य तथा समन्वयलाई थप सुदृढ बनाउनु।

# ३. उद्देश्य

प्रतियोगिताका मुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन:

- ऐतिहासिक गुरिल्ला पदमार्गको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रचारप्रसार गर्ने।
- खेलकुद तथा साहसिक पर्यटनलाई प्रवर्द्धन गर्ने।
- युवाहरूमा खेल भावना तथा स्वस्थ जीवनशैलीको विकास गर्ने।
- स्थानीय संस्कृति, परम्परा तथा प्राकृतिक सम्पदाको संरक्षण र प्रचार गर्ने।
- स्थानीय तहबीच समन्वय र सहकार्यलाई सुदृढ बनाउने।

# ४. कार्यक्रमको विस्तृत विवरण

| विवरण | जानकारी |
|---|---|
| **कार्यक्रम** | ७ औं संयुक्त गुरिल्ला अल्ट्रा ट्रेल रेस |
| **आयोजक** | भूमे गाउँपालिका, रुकुम पूर्व र थबाङ गाउँपालिका, रोल्पा |
| **मिति** | २०८३ साल असार ३ गते |
| **प्रारम्भ स्थल** | भूमे गाउँपालिका-६, महत, रुकुम पूर्व |
| **दूरी** | ५५ किलोमिटर |
| **रुट** | महत-नैमाक्याङ-लाबाङ-हुलबाङ-थोरबाङ-गलच्योल-घमचिन-चिल्गा-जलजाल-तल्लो स्लाप-घोराबाङ-तेलखोला-जन्तरे-गुराँसे-माथिल्लो स्लाप-फुन्तिबाङ-खेरबाङ-राचिबाङ-गोबाङ हुदै थबाङ बसपार्कसम्म |
| **पुरुष सहभागी** | ५८ जना |
| **महिला सहभागी** | १५ जना |
| **जम्मा सहभागी** | ७३ जना |

# ५. उद्घाटन समारोह

प्रतियोगिताको उद्घाटन समारोह अत्यन्तै भव्य तथा गरिमामय वातावरणमा सम्पन्न भएको थियो। कार्यक्रमका **प्रमुख अतिथि लुम्बिनी प्रदेश सभाका माननीय सभामुख श्री तुलाराम घर्ति मगरज्यू** रहनुभएको थियो।

विशेष अतिथिका रूपमा भूमे गाउँपालिका र थबाङ गाउँपालिकाका अध्यक्षज्यूहरू, उपाध्यक्षज्यूहरू, वडा अध्यक्षहरू, प्रमुख प्रशासकीय अधिकृतहरू, जनप्रतिनिधिहरू तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो। साथै स्थानीय बुद्धिजीवी, सञ्चारकर्मी, सुरक्षाकर्मी तथा सर्वसाधारण नागरिकहरूको उत्साहजनक सहभागिता रहेको थियो।

उद्घाटन समारोहमा अतिथिहरूले गुरिल्ला पदमार्गको ऐतिहासिक महत्व, खेलकुदको विकास तथा पर्यटन प्रवर्द्धनमा यस प्रतियोगिताले पुऱ्याएको योगदानबारे मन्तव्य व्यक्त गर्नुभएको थियो।

# ६. प्रतियोगिता सञ्चालन

मिति **२०८३ साल असार ३ गते बिहान** भूमे गाउँपालिका–६ महतबाट प्रतियोगिताको औपचारिक शुभारम्भ गरिएको थियो। ५५ किलोमिटरको कठिन पहाडी पदमार्ग पार गर्दै धावकहरूले उच्च खेल भावना र अनुशासनका साथ प्रतिस्पर्धा गरेका थिए।

मार्गभरि विभिन्न स्थानमा स्वयंसेवक, स्वास्थ्यकर्मी, सुरक्षा निकाय, खानेपानी तथा प्राथमिक उपचारको व्यवस्था गरिएको थियो। सम्भावित जोखिमलाई मध्यनजर गर्दै उद्धार टोली र एम्बुलेन्ससमेत तयारी अवस्थामा राखिएको थियो।

# ७. जनशक्ति व्यवस्थापन

## क) स्वयंसेवक परिचालन

| S.N. | **Chek Point** | **Person Name** | **Contact** | **Remark** |
|---|---|---|---|---|
| 1 | **Naimakeng** | Jal kumar Sunar | **9766821062** | Volentear |
| 2 | Manfu | Suresh chhinal | | Volentear |
| 3 | Hulbabang | Jadhan Budha | | Volentear |
| 4 | | Sahash Budha | 9868088436 | Volentear |
| 5 | Labang | Binod chhinal | 9745888247 | Volentear |
| 6 | Thorbang | Subarna Roka | | Token Distributer |
| 7 | | Bisbas roka | | Volentear |
| 8 | Galchol | Bismat Budha | 9868417269 | Volentear |
| 9 | | Jivban Budha | | Volentear |
| 10 | Chilga | Gyan Bdr. Roka | 9868175375 | Volentear |
| 11 | | Dhalko Jhakri | | Volentear |
| 12 | Dangnai | Suresh B k | 9846304069 | Volentear |
| 13 | | Dipin Budha | | Token Distributer |

| | | | | |
|---|---|---|---|---|
| 14 | Jaljala | Swirnim roka | 9864821981 | Volentear |
| 15 | | Jarman Roka | | Volentear |
| 16 | Salap | Sunil Gharti Magar | 9761996423 | Volentear |
| 17 | | Sagar Budha Magar | 9745907645 | Volentear |
| 18 | Mangrakhola | Sujan Gharti Magar | 9766244608 | Volentear |
| 19 | | Bashant Pun Magar | | Volentear |
| 20 | Telkhola | Aash pur roka | 9845221994 | Volentear |
| 21 | | Junraj Roka Magar | | Volentear |
| 22 | Telkoibang | Samjhana Roka | 9845615177 | Volentear |
| 23 | | Sher Bahadur Gharti | | Volentear |
| 24 | Jantare | Kamal Roka | 9865604348 | Token Distributer |
| 25 | | Prasant Roka Magar | | Volentear |
| 26 | Gurashe/jalaki | Raj Bahadur Gharti | | Volentear |
| 27 | | Suresh Gharti Magar | | Volentear |
| 28 | Chiware | Bikash Roka Magar | 9848089437 | Volentear |
| 29 | | Lukey Jhakri Magar | 9745953621 | Volentear |
| 30 | Ambulence Driver | Jit Kumar Gharti | 9762527049 | Driver |
| 31 | Driver | Rest Bahadur Roka (Bhume) | 9849498216 | Driver |
| 32 | Mahat | Arju Gautam | 9741742425 | Volentear |

**ख) मेडिकल टिम**

| S.N. | **Chek Point** | **Person Name** | **Contact** | **Distance** |
|---|---|---|---|---|
| 1 | Galchol | Anupa Mahar | 9848719072 | 10 km |
| 2 | Jaljala | Dhan Bahadur Adhakari | 9847843726 | 23 km |
| 3 | Telkhola | Danest Budha | 9864346950 | 39 km |
| 4 | Gureshe/Jalaki | Dipa Budha | 9864730576 | 48 km |
| | Chiware | Prem Oli | 9745225545 | 52 km |
| 5 | Thababag Buspark | Raj Kumar Budha magar | 9842517517 | 55 km |

### ग) टोकन वितरण स्थल :

| S.N. | Point | Person | Contact | Distance |
|---|---|---|---|---|
| 1 | Thorbabang | Subarna Roka magar | 9842357919 | 7 km |
| 3 | Dhanganai | Dhanraj Yadav | 9868630243 | 22 km |
| 4 | Telkhola | Kusum Panthi | 9867456285 | 39 km |
| 5 | Jantare | Balaram Dangi | 9866504608 | 44 km |
| 6 | Chiware | Kisundev Mandal | 9763984480 | 52 km |

### घ) पानी तथा खानेकुरा वितरण स्थल:

| S.N. | Chek Point | Person Name | Contact | Remark |
|---|---|---|---|---|
| 1 | Galchol | Bismat Budha | 9868417269 | 7 km |
| 2 | Chilga | Gyan Bdr. Roka | 9868175375 | 18 km |
| 3 | Jaljala | Swirnim roka | 9864821981 | 23 km/3200m hight |
| 4 | Mangrakhola | Sujan Gharti Magar | 9766244608 | 37 km |
| 5 | Telkhola | Aash pur roka | 9845221994 | 39 km |
| 6 | Telkoibang | Samjhana Roka | 9845615177 | 42 km |
| 7 | Jantare | Kamal Roka | 9865604348 | 44 km/3618m hight |
| 8 | Gurashe | Raj Bahadur Gharti | | 48 km |
| | Chiware | Bikash Roka Magar | 9848089437 | 52 km |
| 9 | Thabang Buspark | Raj Kumar Budha | 9842517517 | 55 km |

# ८. सहभागीहरूको विवरण

प्रतियोगितामा नेपालका विभिन्न जिल्लाबाट आएका खेलाडीहरूको उत्साहजनक सहभागिता रहेको थियो। खेलमा सहभागी खेलाडीहरुको विवरण देहाय बमोजिम रहेको छ :

### क) पुरुष सहभागी

| क्र.सं. | सहभागीको नाम | ठेगाना | उमेर | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| १ | अन्तिम बुढा | भूमे-२, रुकुम पूर्व | १९ | ९७६८३१२९०७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | सुनिल थापा | सिस्ने-५,रुकुम पूर्व | १७ | | |
| ३ | श्री कृष्ण छिनाल | भूमे-६, रुकुम पूर्व | १५ | | |
| ४ | राज चौधरी | विरेन्द्रनगर, सुर्खेत | | | |
| ५ | रोहित पुर्जा | पोखरा, कास्की | | | |
| ६ | अटल रोका मगर | रोल्पा | | | |
| ७ | विरभक्त रोका मगर | रोल्पा | | | |
| ८ | मिलक रोका मगर | रोल्पा | | | |
| ९ | राजिब पुन मगर | रोल्पा | | | |
| १० | विरेन्द्र पाण्डे | कालिकोट | २२ | | |
| ११ | धर्मराज विष्ट | सुर्खेत | २५ | | |
| १२ | झरमान पुन रोल्पा | रोल्पा | | | |
| १३ | लोकेन्द्र राई | सोलुखुम्बु | २१ | | |
| १४ | विशाल राई | पाँचथर | २२ | | |
| १५ | सुर्यराज राई | खोटाङ | | | |
| १६ | अर्जुन कुलुङ राई | सोलुखुम्बु | ३३ | | |
| १७ | विशाल तामाङ | भोजपुर | | | |
| १८ | इश्वरमान बुढा | भूमे-२, रुकुम पूर्व | | ९८६३५२४००७ | |
| १९ | अजय रोका मगर | भूमे-६, रुकुम पूर्व | | | |
| २० | मिलन बुढा मगर | भूमे-६, रुकुम पूर्व | | | |
| २१ | सुन्दर बुढा | भूमे-६, रुकुम पूर्व | | | |
| २२ | महेन्द्र राई | जाजरकोट | | | |
| २३ | नवीन रोका मगर | भूमे-७, रुकुम पूर्व | | | |
| २४ | राज बहादुर बुढा मगर | भूमे-७, रुकुम पूर्व | | | |
| २५ | जयकिश्वर घर्ति | थबाङ-२ रोल्पा | | | |
| २६ | हर्कविर राई | खोटाङ | | | |
| २७ | मिलन पुन | माडी-६ रोल्पा | | | |
| २८ | मुक्तिज्यू नेपाली | भूमे-६, रुकुम पूर्व | | ९९८१०८३६५९६ | |
| २९ | फर्के रोका मगर | थबाङ-२ रोल्पा | | ९७६७५७४९८६ | |
| ३० | इश्वरमान बुढा | भूमे-७ रुकुम पूर्व | | ९८४२३१२६८३ | |
| ३१ | मेडिसन बुढा मगर | भूमे-७, रुकुम पूर्व | | ९७४६३९८८७१ | |
| ३२ | थायिधन घर्ति | थबाङ-१ रोल्पा | | ९७६५३७२८४२ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३ | आधित्य झाँक्री मगर | थबाङ-२ रोल्पा | | ९७६१३२८९११ | |
| ३४ | सन्दिप रोका मगर | थबाङ-१ रोल्पा | | ९७४६४९६०४२ | |
| ३५ | विश्वास रोका | भूमे-७, रुकुम पूर्व | | ९७६२८३४१३९ | |
| ३६ | हिराधन घर्ति | भूमे-१ रुकुम पूर्व | | ९७०५८०१६८० | |
| ३७ | सतमान घर्ति | भूमे-१ रुकुम पूर्व | | | |
| ३८ | आशिक घर्ति | भूमे-१ रुकुम पूर्व | | | |
| ३९ | प्रकाश घर्ति | भूमे-१ रुकुम पूर्व | | ९८४६१६७५७६ | |
| ४० | गोकर्ण श्रेष्ठ | भूमे-३ रुकुम पूर्व | | ९७६२४६६६९२ | |
| ४१ | हेमराज श्रेष्ठ | भूमे-३ रुकुम पूर्व | | ९७६१९६१२०६ | |
| ४२ | माइकल घर्ति | भूमे-३ रुकुम पूर्व | | ९८४६३२५६५१ | |
| ४३ | सृजल कान्छा विश्वकर्मा | भूमे-९ रुकुम पूर्व | | | |
| ४४ | विज्ञान बुढा | भूमे-७, रुकुम पूर्व | | | |
| ४५ | अनमोल बुढा मगर | भूमे-७, रुकुम पूर्व | | | |
| ४६ | कृष्ण राज रोकाय | कालिकोट | | | |
| ४७ | उत्तम बुढा मगर | भूमे-७, रुकुम पूर्व | | | |
| ४८ | चेतन बुढा मगर | भूमे-८, रुकुम पूर्व | | ९८४५२१३२५६ | |
| ४९ | शक्तिराम रोका | भूमे-३, रुकुम पूर्व | | ९७४५९१५७९२ | |
| ५० | पञ्चाराम बुढा मगर | सिस्ने-४,रुकुम पूर्व | | | |
| ५१ | ज्ञानेन्द्र बुढा मगर | सिस्ने-४,रुकुम पूर्व | | | |
| ५२ | बखत रोका | भूमे-३, रुकुम पूर्व | | | |
| ५३ | दुर्गराज बुढा | रुकुम पश्चिम | | | |
| ५४ | झलक पुन मगर | भूमे-८, रुकुम पूर्व | | | |
| ५५ | निर्माण बुढा मगर | थबाङ-२ रोल्पा | | | |
| ५६ | निशान्त ठाकुर | थबाङ-२ रोल्पा | | ९७६५४६०९०२ | |
| ५७ | सन्दिप बुढा | भूमे-८, रुकुम पूर्व | | | |
| ५८ | मन कुमार रोकामगर | थबाङ-१ रोल्पा | २३ | ९७६६२४१४०९ | |

**ख) <u>महिला सहभागी</u>**

| क्र.सं. | सहभागीको नाम | ठेगाना | उमेर | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| १ | जीवनसरी बुढा | भूमे-२, रुकुम पूर्व | १९ | ९८१३०२७०४० | |
| २ | दिलजानी बुढा | भूमे-२, रुकुम पूर्व | २० | ९८०४५५०६६७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | आशिका पुन | भूमे-६, रुकुम पूर्व | २३ | | |
| ४ | आस्मा वि.क. | सुनछहरी रोल्पा | २२ | ९७६६४६९१७० | |
| ५ | पुष्पा शेर्मा | पाँचथर | | ९८४१९९१४१५ | |
| ६ | ज्योति बुढा मगर | भूमे-६, रुकुम पूर्व | १६ | ९७६५२१३५१२ | |
| ७ | छिरिङ ओङमु शेर्पा | सोलुखुम्बु | | | |
| ८ | प्रेम कुमारी नेपाली | भूमे-६, रुकुम पूर्व | १४ | | |
| ९ | अनिता बुढा | भूमे-६, रुकुम पूर्व | १५ | | |
| १० | कमला बुढा | भूमे-६, रुकुम पूर्व | १७ | | |
| ११ | एलिशा रोका मगर | थबाङ-१ रोल्पा | | | |
| १२ | सुवित्रा सुनार | थबाङ-१ रोल्पा | | | |
| १३ | प्रिया पुन | भूमे-२, रुकुम पूर्व | १९ | | |
| १४ | दिल कुमारी बुढा | भूमे-८, रुकुम पूर्व | | | |
| १५ | मनपुरी बुढा | भूमे-८, रुकुम पूर्व | | | |

- पुरुष : **५८ जना**
- महिला : **१५ जना**
- **जम्मा : ७३ जना**

यसले प्रतियोगिताप्रति खेलाडीहरूको बढ्दो आकर्षण तथा गुरिल्ला अल्ट्रा ट्रेल रेसको लोकप्रियतालाई स्पष्ट रूपमा प्रतिबिम्बित गरेको छ।

# ९. प्रतियोगिताको नतिजा

## पुरुष तर्फ

| स्थान | नाम | जिल्ला | निर्धारित समय |
|---|---|---|---|
| प्रथम | मनकुमार रोका मगर | थबाङ-१, रोल्पा | ७ घण्टा १४ मिनेट |
| द्वितीय | अर्जुन कुलुङ राई | सोलुखुम्बु | ७ घण्टा १४ मिनेट १३ सेकेन्ड |
| तृतीय | विशाल राई | पाँचथर | ७ घण्टा ३४ मिनेट |

| स्थान | नाम | जिल्ला | निर्धारित समय |
|---|---|---|---|
| चौथो | लोकेन्द्र राई | सोलुखुम्बु | ७ घण्टा ३४ मिनेट ४४ सेकेन्ड |
| पाँचौ | शक्तिराम रोका | रुकुम पूर्व | ८ घण्टा |
| छैटौं | विशाल तामाङ | भोजपुर | ८घण्टा २४ मिनेट |
| सातौं | हर्कविर राई | खोटाङ | ८ घण्टा ३४ मिनेट |
| आठौं | पञ्चाराम बुढा मगर | रुकुम पूरुव | ८ घण्टा ३८ मिनेट |
| नवौं | विरेन्द्र पाण्डे | कालिकोट | ८ घण्टा ४९ मिनेट |
| दशौं | जोगेन्द्र बुढा मगर | रुकुम पूर्व | ९ घण्टा |

## <u>महिला तर्फ</u>

| स्थान | नाम | जिल्ला | निर्धारित समय |
|---|---|---|---|
| प्रथम | पुष्पा शेर्पा | पाँचथर | ११ घण्टा २ मिनेट |
| द्वितीय | आस्मा वि.क. | रोल्पा | ११ घण्टा ३ मिनेट |
| तृतीय | जीवनसरी बुढा मगर | रुकुम पूर्व | १२ घण्टा १ मिनेट |
| चौथौं | दिलजानी बुढा मगर | रुकुम पूर्व | १२ घण्टा २ मिनेट |

# १०. पुरस्कार वितरण

विजेता खेलाडीहरूलाई निम्नानुसार नगद पुरस्कार, मेडल तथा प्रमाणपत्र प्रदान गरिएको थियो।

| स्थान | पुरस्कार राशी | अन्य |
|---|---|---|
| प्रथम | रु. ७५,००० | कप, मेडल र प्रमाणपत्र |
| द्वितीय | रु. ५०,००० | कप, मेडल र प्रमाणपत्र |

| स्थान | पुरस्कार राशी | अन्य |
|---|---|---|
| तृतीय | रु. ३०,००० | कप, मेडल र प्रमाणपत्र |
| सान्त्वना | रु. २०,००० | प्रमाणपत्र |

साथै **छैटौँदेखि दशौं स्थानसम्म** स्थान हासिल गर्ने खेलाडीहरूलाई जनही **रु. ५,०००** नगद पुरस्कारसहित प्रमाणपत्र प्रदान गरी सम्मान गरिएको थियो।

# ११. उपलब्धिहरू

- ऐतिहासिक गुरिल्ला पदमार्गको प्रचारप्रसारमा उल्लेखनीय योगदान पुगेको।
- रुकुम पूर्व र रोल्पाको साहसिक पर्यटन प्रवर्द्धनमा सकारात्मक प्रभाव परेको।
- स्थानीय होटल, होमस्टे, यातायात तथा व्यवसायमा आर्थिक गतिविधि बढेको।
- युवाहरूमा खेल भावना र स्वस्थ जीवनशैलीको विकास भएको।
- दुई स्थानीय तहबीचको समन्वय र सहकार्य थप सुदृढ भएको।

# १२. चुनौतीहरू


- दुर्गम तथा कठिन भूगोल
- प्रतिकूल मौसम
- लामो दूरीका कारण सुरक्षा तथा स्वास्थ्य व्यवस्थापनमा चुनौती
- सीमित बजेट तथा स्रोतसाधन
- सञ्चार पहुँचको सीमितता

# १३. निष्कर्ष

भूमे गाउँपालिका, रुकुम पूर्व र थबाङ गाउँपालिका, रोल्पाको संयुक्त आयोजनामा सम्पन्न **७ औं संयुक्त गुरिल्ला अल्ट्रा ट्रेल रेस (५५ कि.मि.)** खेलकुद, पर्यटन तथा ऐतिहासिक गुरिल्ला पदमार्गको संरक्षण र प्रवर्द्धनका दृष्टिले अत्यन्त सफल कार्यक्रमका रूपमा सम्पन्न भएको छ। प्रतियोगिताले स्थानीय समुदाय, खेलाडी, जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवाला निकायहरूबीचको सहकार्यलाई अझ सुदृढ बनाएको छ। भविष्यमा यस प्रतियोगितालाई राष्ट्रिय

तथा अन्तर्राष्ट्रिय स्तरको साहसिक खेलकुद कार्यक्रमका रूपमा विकास गर्न सकिने पर्याप्त सम्भावना रहेको देखिन्छ।

## १४) प्रतियोगितासँग सम्बन्धित तस्वीरहरु :














अन्तरपालिकास्तरीय समन्वयत्मक बैठक